

# ११ बाइबल र भविष्यवाणी

***यस अध्यायका मूल पदहरू:*** दानिएल २:२७-४५,यूहन्ना १४:२९, गन्ती १४:३४,दानिएल ७:१-२५,दानिएल ८:१४ र १ पहिलो कोरन्थी १०:१-१३। ***यस अध्यायको मूल सार पद:*** **"अनि उनले मलाई भने, दुई हजार तीनसय दिनहरूपछि, पवित्र स्थानको शुद्धीकरण गरिनेछ" वा "उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।" (दानिएल ८:१४ रूपान्तरित)।**

हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूकालागि बाइबलीय भविष्यवाणी, हाम्रो पहिचान र लक्ष्यको निम्ति निर्णायक विषय हो। भविष्यवाणीको क्रियाविधिले नै परमेश्वरको वचन कतिको ठिक छ भनेर भित्री र बाहिरीरूपमा अनुमोदन गर्दछ। येशू आफैले भन्नुभयो, "पहिलै हुनुभन्दा अघि मैले तिमीहरूलाई भनेको छु। जब मैले भनेका वचनहरू पूरा हुन्छन् तब तिमीहरूले विश्वास गर्न सक्नेछौ।" (यूहन्ना १४:२९ र ""यो हुन अघि अहिले नै म तिमीहरूलाई भन्दछु, ताकि जब त्यो हुन आउँछ, म उही नै हुँ भनेर तिमीहरूलाई विश्वास होस्।" यूहन्ना १३:१९)। यसले हाम्रो सामु एक निर्णायक प्रश्न खडा गराउँछ: हामीले भविष्यवाणीलाई कसरी ठिकसँग व्याख्या गर्छौं वा अर्थ लगाउँछौं जसले गर्दा जब भविष्यवाणी पूरा हुन्छ वा भएको थियो त्यो ठिक थियो भनेर विश्वस्त हुनसकौं।

पन्ध्रौं शताब्दीमा सुधारवादी इसाईहरूले बाइबललाई इतिहासको आँखाले हेरेका थिए। यही तरिका अगमवक्ता दानिएल र येशूका चेला यूहन्नाले प्रयोग गरेका थिए। आफूले देखेका दर्शनहरूको अर्थ बुझ्न ऐतिहासिक परिप्रेक्ष्यमा तिनीहरूलाई हेरेका थिए। ऐतिहासिक आँखाले जब हामी

भविष्यवाणी हेर्छौं तब इतिहासमा भविष्यवाणी प्रगतिशील र निरन्तररूपमा अघि बढिरहेको हामी थाहा पाउँछौं। विगतको समयदेखि परमेश्वरको अनन्तको राज्य नआउँञ्जेल बाइबलमा भएका भविष्यवाणी निरन्तररूपमा पूरा भइरहेको हामी पाउँछौं।

यस अध्यायमा सेभेन्थ-डे एडभेन्टिस्टले विश्वास गरेका बाइबलका मूल भविष्यवाणीहरू ऐतिहासिक परिप्रेक्ष्यमा हेर्नेछौं। "इतिहास भनेकै भविष्यवाणी पूरा हुनु हो भनेर हामीले देख्नुपर्दछ। महान् इसाई सुधारवादी अभियानमा परमेश्वरले कसरी काम गर्नुभएको थियो सो अध्ययन गर्नुपर्दछ। अनि विभिन्न घट्नाहरूको प्रगतिमा राष्ट्रहरू कसरी लाम लागेर अघि बढिरहेका हुन्छन र परमेश्वर र शैतानको बीचमा भइरहेको द्वन्द्व वा युद्धको अन्त्यमा तिनीहरूको भूमिका कस्तो हुन्छ भनेर खुलासा गरेका भविष्यवाणीहरू हाम्रो अध्ययनको विषयबस्तु हुनुपर्छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ८, ३०७बाट रूपान्तरित।

## १. ऐतिहासिकवाद र भविष्यवाणी

सेभेन्थ-डे एडभेन्टिस्टले बाइबलका भविष्यवाणीहरू बुझ्ने तरिकालाई ऐतिहासिकवाद भनिन्छ। एडभेन्टिस्टहरूले भविष्यवाणीहरू इतिहासकै आधारमा सिकाउँदछन्। बाइबलका धेरै भविष्यवाणीहरू विगत, बर्तमान र भविष्यमा निरन्तररूपमा बगिरहेकाछन् भनेर विगत र बर्तमान इतिहासले बताउँछ भनेर हामी दावी गर्छौं। स्कूलमा हामी इतिहास कसरी पढ्छौं त्यही तरिकाले बाइबलमा लेखिएका भविष्यवाणीलाई पनि इतिहासकै आँखाले हेर्दछौं। बाइबल आफैले आफूलाई कसरी व्याख्या गर्दोरहेछ भनेर प्रगतिशील भविष्यवाणीको अध्ययनले हामीलाई बताउँदछ।

**दानिएल २ मा नबूकदनेसर राजाले देखेको सपनाको बारेमा विवरण दिइएको छ। उक्त सपनामा उनले यस्तो शक्तिहरूकोबारेमा देखेका थिए कि ती शक्तिहरू इतिहासमा निरन्तर रूपमा अघि बढिरहेका थिए। युगको अन्त्यमा हुने विश्वको सर्वनाशको भविष्यवाणी बाइबलले नै हामीलाई कसरी देखाउँछ भनेर राजाले देखेका सपनाबाट हामी थाहा पाउँछौं। हेर्नुहोस्, "२६ राजाले दानिएललाई (जसको नाउँ बेलतसजर पनि हो) सोधे, "के तिमी मेरो सपना र त्यसको अर्थ बताउन सक्छौ?" २७ दानिएलले जवाफ दिए, "महाराजाले सोध्नुभएको रहस्यको कुरा कुनै पनि ज्ञानी पुरुष, मन्त्रतन्त्र गर्ने, जादूगर वा**

जोखना हेर्नेले बताउन सक्दैन, २८ तर स्वर्गमा एक परमेश्वर हुनुहुन्छ, जसले रहस्यका कुराहरू प्रकट गर्नुहुन्छ। उहाँले महाराजा नबूकदनेसरलाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। हजूर ओछ्यानमा ढल्किरहनुहुँदा हजूरको मनमा भएका सपना र दर्शनहरू यी नै हुन्: २९ "हे महाराजा, हजूर ओछ्यानमा ढल्किरहनुभएको बेला हजूरको मन भविष्यमा के हुने होला भन्ने तर्फ गयो, र रहस्य प्रकट गर्नुहुनेले भविष्यमा हुने कुरा देखाउनुभएको छ। ३० तर जसै मलाई यो रहस्य खोलिएको छ, अरू जीवित प्राणीहरूभन्दा ममा बढ्ता बुद्धि भएको कारणले होइन तर यसैकारण कि हजूर महाराजालाई सपनाको अर्थ खोलिओस् र हजूरको आफ्नो मनमा भएका कुरा बुझ्न सक्नुभएको होस् भनेर हो। ३१ "हे महाराजा, हजूरले हेरिरहनुहुँदा एउटा ठूलो सालिक उभिएको देख्नुभयो। यो सालिक विशाल र अत्यन्तै चहकिलो देखिन्थ्यो र त्यसको रूप भयानक थियो। ३२ त्यस सालिकको टाउको निक्खर सुनको, त्यसका छाती र हातहरू चाँदीका, त्यसका पेट र तिघ्राहरू काँसाका, ३३ त्यसका गोड़ाहरू फलामका, र त्यसका खुट्टाहरू केही फलाम र केही माटोका थिए। ३४ हजूरले हेरिरहनुहुँदा चट्टानबाट एउटा ढुङ्गा काटियो, तर मानिसको हातद्वारा होइन। यसले त्यस सालिकका फलाम र माटोले बनेका खुट्टालाई हान्यो र ती चकनाचूर पारिदियो। ३५ त्यसपछि त्यो फलाम, काँसो, चाँदी र सुन सबै एकै चोटि धूलोपीठो भए, र ग्रीष्म ऋतुमा अन्न चुट्ने खलाबाट भुसलाई उड़ाएझैं बतासले त्यसलाई नाउँनिशानै नहुने गरी उड़ाएर लग्यो। तर त्यस सालिकलाई हान्ने त्यो ढुङ्गा बढ्दैगएर ठूलो पहाड़ बन्यो र पूरै पृथ्वीलाई ढाकिदियो। ३६ "सपना यही थियो, र अब महाराजालाई यसको अर्थ बताउनेछौं। ३७ हजूर नै राजाहरूका महाराजा हुनुहुन्छ। स्वर्गका परमेश्वरले हजूरलाई राज्य, पराक्रम, शक्ति र महिमा दिनुभएको छ। ३८ हजूरको हातमा उहाँले सारा पृथ्वीका मानिसहरू र पशुहरू र आकाशका पन्क्षीहरू दिनुभएको छ। जहाँ-जहाँ उनीहरू बस्छन्, उहाँले हजूरलाई उनीहरूमाथि अधिकार गर्न दिनुभएको छ। हजूर नै त्यो सुनको टाउको हुनुहुन्छ। ३९ "हजूरपछि, हजूरको भन्दा अलि कमजोर राज्य खड़ा हुनेछ। त्यसपछि काँसोको तेस्रो राज्यले सारा पृथ्वीमाथि अधिकार जमाउनेछ। ४० अन्त्यमा, फलामजस्तै बलियो चौथो राज्य आउनेछ, किनभने फलामले सबै थोक चकनाचूर पारिदिएझैं त्यसले अरू सबैलाई तोड़फोड़ गरी तितरबितर पार्नेछ। ४१ हजूरले यसका खुट्टा र औंलाहरू केही माटोले, केही फलामले बनेका देख्नुभएझैं यो विभाजित राज्य हुनेछ, तैपनि यसमा केही मात्रामा

फलामको बल हुनेछ, जसरी हजूरले फलाम माटोसित मिसिएको देख्नुभयो। ४२ जसरी ती औंलाहरू केही फलाम र केही माटोका थिए, त्यसरी नै यो राज्य केही बलियो, केही सजिलैसित टुक्रिने हुनेछ। ४३ र हजूरले फलाम माटोमा मिसिएको देख्नुभएझैं मानिसहरू पनि मिश्रित जाति हुनेछन् र एकतामा रहनेछैनन्, जसरी फलाम माटोसित मिल्न सक्दैन। ४४ "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो– त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई धूलोपीठो पारिदियो। "महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।" (दानिएल २:२६-४५)।

नबूकदनेसरको साम्राज्यलाई सुनको टाउको भनेर दानिएलले भन्दछन्। यसरी त्यस समयमा सभ्यताको चुचुरोमा पुगेको बेबिलोन सभ्यताको महिमा र शक्ति भावी दिनहरूमा आउने साम्राज्यहरूमध्ये कै पहिलो थियो भनेर दानिएलले पहिचान गरेका थिए। अनि दानिएल भन्दछन्, "हजुर पछि अर्को राज्य आउनेछ र त्यसपछि तेस्रो" (दानिएल २:३९ रूपान्तरित) र अनि चौथो (दानिएल २:४०)। बीचमा कुनै अन्तराल विना नै साम्राज्यहरू श्रृखलावद्ध अर्थात् एक पछि अर्को आउने कुरो मूर्ति वा शालिक स्वयंमले देखाउँछ। त्यस शालिकमा भएका धातुहरू शिरदेखि पाइतालासम्म खाली नभइ जोडिएका थिए। शालिकको शरीरको ठूलो भागदेखि सानो भागसम्म धातुहरू अलग नभइकन जोडिएका थिए। जसरी ती धातुहरू एकपछि अर्को गरी जोडिए त्यसरी नै इतिहास पनि श्रृङ्खलाबद्धरूपमा जोडिएका हुन्छन्।

दानिएल ७ र ८ मा शालिकको सट्टामा दानिएलले स्वप्नदर्शनमा पशुहरू देखेका थिए। तर ती पशुहरूको प्रतीकको अर्थ पनि शालिक जस्तै हो। चारवटा बिश्व साम्राज्य एकपछि अर्को गरेर उल्लेख गरिएको विवरण हामीलाई दिइएको छ (दानिएल ८मा तीनवटा राज्य)। ती राज्यहरू पुरानो वा पौराणिक समयमा सुरू हुन्छ, अनि इतिहासलाई ढाक्दै वर्तमान र भविष्यलाई समेट्दै येशूको दोस्रो आगमनसम्म जान्छ जब परमेश्वरले उहाँको अनन्त राज्यको स्थापना यस संसारमा गर्नुहुन्छ।

यसरी दानिएल २को शालिक र दानिएल ७ र ८ का भविष्यवाणी वा स्वप्नदर्शनहरूको अर्थ वताउन इतिहासलाई प्रयोग गरि सुधारवादी इसाईहरूले अर्थ लगाएका थिए। त्यसैगरी दानिएलका भविष्यवाणीहरूको अर्थ खोल्न इतिहासलाई प्रयोग गर्ने अडान सेभेन्थ-डे एडभेन्टिस्टको पनि छ।

**भविष्यवाणी कसरी चल्छ भनेर येशूले यूहन्ना १४:२८-२९मा व्यक्त गर्नुभएको वचनले हामीलाई भविष्यवाणीहरू बुझ्न कसरी सहयोग मिल्छ? हेर्नुहोस् "२८ "मैले तिमीहरूलाई 'म गइरहेछु, र तिमीहरूकहाँ आउँछु' भनेको तिमीहरूले सुन्यौ। तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ। २९ अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक।"**

**बाइबलमा दिइएका कतिपय भविष्यवाणीहरू पूरा भइसकेको हामीलाई थाहा भएको हुँनाले बेबिलोनी सभ्यतामा रहेका मानिसहरूले भन्दा बढी ज्ञानको फाइदा हामी कसरी लिनसक्छौं?**

## २. भविष्यवाणीको अर्थ, एक दिन बराबर एक वर्ष

**बाइबलमा उल्लेख गरिएको भविष्यवाणीलाई इतिहासमार्फत बुझ्ने तरिकाहरूमध्ये एउटा एक दिनको अर्थ एक वर्ष हुन्छ भनेर पढ्नु हो। शताब्दीयौंदेखि बाइबलका धेरै विद्वानहरूले दानिएल र प्रकाशका भविष्यवाणीहरू बुझ्नलाई यो नीति** अपनाएका थिए। दिन तोकेर दिइएका भविष्यवाणीहरूमा त्यो दिनको अर्थ के हो भनेर बुझाउन भविष्यवाणीका केही पदहरूमा नै उल्लेख गरिएको हुनाले त्यो नीति तिनीहरूले अपनाएका थिए।

**भविष्यवाणीमा तोकिएको दिनको सन्दर्भमा परमेश्वर आफैले एक दिनको अर्थ एक वर्ष हो भनेर कसरी भन्नुभएको थियो? हेर्नुहोस्, गन्ती १४:३४ "तिमीहरूले त्यस देशको भेद लिन चालीस दिन बिताएका थियौ, यसकारण दिनको एक वर्ष गरी चालीस वर्षसम्म तिमीहरूले आफ्नो अधर्मको फल भोग्दै रहनेछौ, र तिमीहरूप्रति म नाराज भएको तिमीहरूले थाहा पाउनेछौ'।" र इजकिएल ४:६ "ती दिन पूरा भइसकेपछि फेरि दाहिनेतिर कोल्टे पर् र यहूदाका घरानाको पाप भोग्। यस पल्ट मैले चालीस दिन तिम्रो निम्ति तोकेको छु, प्रत्येक वर्षको लागि एक दिन।"**

माथिका पदहरूबाट स्पष्टरूपमा एक दिनको अर्थ एक वर्ष भनेर तोकेको हामी देख्दछौं। तर त्यही नियमलाई अपनाएर दानिएल र प्रकाशमा उल्लेख गरिएका मितिहरू बुझ्न सक्छौं भनेर हामी कसरी निश्चित हुने? हेर्नुहोस्, दानिएल ७:२५, दानिएल ८:१४: प्रकाश ११:२,३, प्रकाश १२:६ र प्रकाश १३:५।

दानिएल र प्रकाशमा उल्लेख गरिएका दिनहरूमा एक दिनको अर्थ एक वर्ष हो भनेर ठम्याउन अरू तीन तत्वहरू छन् जसले त्यो नियमको अनुमोदन गर्दछः चिन्ह वा प्रतीकहरूको प्रयोग, लामो समयको अवधि र विषेश अभिव्यक्ति वा शब्दको प्रयोग।

**पहिलो,** राज्यहरूको प्रतिनिधित्व गर्न पशु र सिंङको प्रतीक प्रयोग गरिएको परिवेशमा त्यहाँ उल्लेख गरिएका समय वा मितिलाई पनि प्रतीक, सङ्केत वा चिन्हको रूपमा लिनुपर्ने कुरा बुझ्नुपर्छ। पशुहरू र सिङहरू अक्षरस वा वास्तविक हुन् भनेर बुझ्नुहुन्न। तिनीहरू अरू कुनैको प्रतीकहरू हुन्। त्यसकारण बाँकी सबै भविष्यवाणीलाई वास्तविक वा अक्षरस नभएर प्रतीक वा चिन्हको रूपमा लिनुपर्छ। त्यही सन्दर्भमा त्यहाँ उल्लेख गरिएका समयअवधि पनि किन अक्षरस वा वास्तविक नै हुन् भनेर लिने त? जवाफ त स्पष्ट छ, हामीले ती समयअवधिहरूलाई अक्षरस वा वास्तविक हुन् भनेर मान्नुहुँदैन।

**दोस्रो,** भविष्यवाणीमा उल्लेख गरिएका धेरै घट्नाहरू र राज्यहरूको चालामाला शताब्दीयौंसम्म कायम रहेको पाइन्छ। त्यसकारण यदि एक दिनको अर्थ एकै दिन हो भनेर मानि लियौं भने ती लामो समयमा लिइएका ती घट्ना र साम्राज्यहरूलाई ठम्याउन असम्भव हुन्छ। जब एक दिनको अर्थ एक वर्ष भन्ने नियम लागु गरिन्छ तब भविष्यवाणीमा तोकिएका समय र घट्ना अचम्मसँग मिल्न जान्छन्। यदि एक दिनको अर्थ एकै दिनमात्र हो भनेर मान्यौं भने भविष्यवाणीमा उल्लेख गरिएका समयअवधि बुझ्न असम्भव हुन्छ।

**अन्तमा,** जुन विशेष अभिव्यक्ति दिएर भविष्यवाणीका समयतालिका उल्लेख गरिएका थिए त्यसलाई व्याख्या गर्न त्यसलाई प्रतीककै रूपमा लिनुपर्दछ। अर्थात् जुन रितिले भविष्यवाणीहरूमा समय तोकिएको थियो त्यो रिति साधारण वा चलनचल्तीको समय थिएन। (उदाहरणमा दिनएल ८:१४मा उल्लेखित "२३०० बेलुकी र बिहान" वा दिनहरू)। यसमा तोकिएको समयअवधिलाई सङ्केत वा प्रतीकको रूपमा लिनुपर्छ अक्षरस वा चलनचल्तीको भाषामा होइन।

दानिएल ९:२४-२७मा उल्लेखित ७० हप्ताको भविष्यवाणी हेर्नुहोस्। यसमा विशेष गरेर पद २५मा हामी पाउँछौं, "२४ “तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी ‘सातहरू’ को आदेश तोकिएको छ। *२५ “यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात ‘सातहरू’ र बयसट्ठी ‘सातहरू’ हुनेछन्*। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी ‘सातहरू’ पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक ‘सात’ को लागि तिनले एउटा करारको सदर गर्नेछन्। ‘सात’-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।” यो घट्ना के वास्तविक ६९ हप्ताहरूभित्र वा एक वर्ष चार महिना र एक हप्ताभित्र घट्ने हो र? यसले गर्दा भविष्यवाणी अर्थहिन हुन आउँछ। तर जब बाइबलमा लेखिएका भविष्यवाणीमा एक दिनको अर्थ एक वर्ष भनेर बुझ्दा ७औ हप्ताको अर्थ ४९० वर्ष मानिलियौं भने घट्छ भन्ने घट्ना ऐतिहासिकरूपमा पुष्टि भएको पाइन्छ।

## ३. सानो सिङ भनेर कसलाई औंल्याइएको हो?

शताब्दीयौंदेखि सुधारवादी इसाईहरू वा प्रोटेस्टेन्टहरूले दानिएल ७ र ८ मा उल्लेख गरिएको सानो सिङले रोमन क्याथोलिक चर्चलाई औंल्याउँछ भनेर दावी गरेका थिए। किन त?

दानिएल ७:१-२५ र दानिएल ८:१-१३ पढ्नुहोस्। दुवै अध्यायले सानो सिङको चरित्र वा स्वभाव कसरी एउटै भएको देखाउँछ? ती चरित्रहरूलाई जानेर त्यो सिङ को हो भनेर हामीले कसरी पहिचान गर्ने? हेर्नुहोस् "१ बेबिलोनका राजा बेलसजरको पहिलो वर्षमा दानिएल आफ्नो ओछ्यानमा पल्टिरहँदा तिनले सपना र दर्शनहरू देखे। तिनले त्यस सपनाको सार लेखे। २ दानिएलले भने, “मेरो दर्शनमा राती मैले हेरिरहँदा मेरो अगि आकाशका चार

बतासहरूले ठूलो समुद्रलाई मन्थन गरिएका थिए। ३ एक-अर्काबाट फरक चार
ठूला पशुहरू समुद्रबाट निस्के। ४ “पहिलोचाहिँ सिंहजस्तै थियो, र त्यसका
पखेटाहरू चीलका जस्तै थिए। त्यसका पखेटाहरू नचुँड़ाएसम्म मैले हेरिरहें, र
त्यो मानिसजस्तै दुई खुट्टाले उभिने गरी जमिनबाट उठ्यो र त्यसलाई एउटा
मानिसको हृदय दिइयो। ५ “अनि मेरो अगि दोस्रो पशु थियो, जुनचाहिँ
भालूजस्तै देखिन्थ्यो। त्यसलाई शरीरको एकपट्टिबाट उठाइयो, र त्यसका मुखका
दाँतहरूका बीचमा तीन वटा करङहरू थिए। त्यसलाई यस्तो आज्ञा दिइयोः
‘उठ् र खानसक्ने जत्ति मासु खा!’ ६ “त्यसपछि मैले हेरें, र त्यहाँ मेरो अगि
अर्को पशु थियो, जुनचाहिँ चितुवाजस्तै देखिन्थ्यो। अनि त्यसको पिठिउँमा चराको
जस्तै चार वटा पखेटाहरू थिए। त्यस पशुका चार वटा टाउकाहरू थिए, र
त्यसलाई शासन गर्ने अधिकार दिइयो। ७ “त्यसपछि राती दर्शनमा मैले देखें र
मेरो अगि भयङ्कर र डरलाग्दो र अत्यन्तै शक्तिशाली चौथो पशु थियो। यसका
ठूला-ठूला फलामका दाँतहरू थिए। त्यसले आफ्नो शिकारलाई चकनाचूर पारी
खाइदिन्थ्यो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पार्थ्यो। अघिका
पशुहरूभन्दा त्यो फरक थियो र त्यसका दश वटा सीङहरू थिए। ८ “जसै म
ती सीङहरूका बारेमा विचार गर्दैथिएँ, मेरो अगि एउटा सानो सीङ थियो, जुनचाहिँ
तिनीहरूमध्येबाट उम्रेको थियो, र पहिलेका सीङहरूमध्ये तीन वटाचाहिँ त्यसको
सामु जरैसमेत उखेलिए। मानिसका आँखाजस्तै त्यस सीङका आँखा थिए, र
अहङ्कारी कुरा गर्ने त्यसको मुख थियो। ९ जसै मैले हेरें, सिंहासनहरू बसालिए,
र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए,
उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको
आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। १०
उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं
हजारले उहाँको सेवा गर्थे; दश हजार गुणा दश हजार उहाँको सामु उभिएका
थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए।
११ “तब यो सीङ बोलिरहेको अहङ्कारपूर्ण शब्दहरूको कारणले गर्दा मैले
त्यसलाई हेर्दैरहें। त्यो पशु मारिएर त्यसको शरीर नष्ट पारी आगोको ज्वालामा
नफ्याँकिएसम्म मैले हेर्दैरहें। १२ अरू पशुहरूको अधिकार खोसिएको थियो, तर
केही समयको लागि तिनीहरूलाई बाँच्न दिइयो। १३ “राती मैले मेरो दर्शनमा
हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना
मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै

सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन। १५ "म, दानिएल, आत्मामा बेचैन भएँ, र मैले पाएका दर्शनहरूले मलाई विचलित तुल्याए। १६ त्यहाँ उभिएकाहरूमध्ये एक जनाकहाँ म गएँ र यी सबै कुराको सत्य अर्थ बताउन अनुरोध गरें। "यसकारण उनले मलाई यी कुराको अर्थ बताइदिए: १७ 'चार ठूला पशुहरूचाहिँ पृथ्वीमा खड़ा हुने चार राज्यहरू हुन्। १८ तर सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'। १९ "तब मैले त्यो चौथो जनावरको साँचो अर्थ जान्न चाहें, जुनचाहिँ फलामका दाँत र काँसाका नङ्ग्रा भएको अरूभन्दा फरक र अत्यन्तै डरलाग्दो थियो– त्यो जनावर जसले आफ्नो शिकारलाई चपाएर खाइदियो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पाऱ्यो। २० मैले त्यसको टाउकोमा भएका दश सीङका बारेमा र त्यहाँबाट निस्केको अर्को सीङको बारेमा पनि जान्न चाहें, जसको सामु तीमध्ये तीन वटा सीङ झरे– त्यो सीङ जो अरूभन्दा प्रभावशाली देखिन्थ्यो र जसका आँखा र अभिमानपूर्ण कुरा गर्ने मुख थिए। २१ जसै मैले हेरें, त्यो सीङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे २३ "तिनले मलाई यसरी बताए: 'चौथो जनावरचाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो। योचाहिँ अरू राज्यहरूभन्दा फरक हुनेछ र समस्त पृथ्वीलाई कुल्चीमिल्ची पारी निल्नेछ। २४ दश सीङहरू त्यस राज्यबाट आएका दश राजाहरू हुन्। त्यसपछि पहिलेको भन्दा फरक, अर्को राजा खड़ा हुनेछ। उसले तीन राजाहरूलाई दबाउनेछ। २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्।" (दानिएल ७:१-२५)। र "१ अघिल्लो दर्शन मलाई देखा परेपछि, राजा बेलसजरको राज्यकालको तेस्रो वर्षमा म, दानिएलले एउटा अर्को दर्शन देखें। २ मेरो दर्शनमा मैले आफैलाई एलाम प्रदेशको शूशनको किल्लामा देखें, दर्शनमा म ऊलै नहरको छेउमा थिएँ। ३ मैले हेरें, र मेरो सामु नहरको छेउमा उभिरहेको दुई सीङ भएको एउटा भेड़ा थियो, र ती सिङहरू लामा थिए।

तीमध्ये एउटा अर्कोभन्दा लामो थियो, तर त्यो पछि उम्रेको थियो। ४ त्यो भेड़ाले पश्चिम र उत्तर र दक्षिणतिर हानिरहेको मैले हेरें। त्यसको विरुद्धमा कोही पनि खड़ा हुन सकेन र कसैले पनि त्यसको शक्तिबाट छुटाउन सकेन। त्यसले जे इच्छा लाग्यो, त्यही गऱ्यो र महान् बन्यो। ५ जसै मैले यसबारे विचार गर्दैथिएँ, अचानक आँखाहरूका बीचमा एउटा विशेष सीङ भएको एउटा बोका जमिनलाई नछोईकन पूरा पृथ्वीलाई पार गर्दै पश्चिमबाट आयो। ६ मैले देखेको नहरको छेउमा खड़ा भएको दुई सिङे भेड़ातिर त्यो आयो र ठूलो झोंकले त्यसलाई हान्यो। ७ रीसले चूर भई त्यसले भेड़ालाई आक्रमण गरी हानेर त्यसका दुई वटै सीङ भाँचिदिएको मैले देखें। त्यसको विरुद्ध खड़ा हुन त्यो भेड़ा शक्तिहीन थियो। त्यस बोकाले त्यसलाई जमिनमा पछ्यारिदियो र त्यसमाथि टेक्यो, र त्यसको शक्तिबाट भेड़ालाई छुटाउन कसैले पनि सकेन। ८ त्यो बोका अति ठूलो भयो, तर त्यसका शक्तिको चरम सीमामा त्यसको विशाल सिङ भाँचियो र त्यसको सट्टामा आकाशका चारै बतासतर्फ विशेष सिङहरू उम्रे। ९ तिनीहरूमध्येबाट अर्को एउटा सीङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। १० स्वर्गका सेनाहरूसम्म नपुगुञ्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो। ११ त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो। त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान तल झारियो। १२ विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो। १३ त्यसपछि मैले एउटा पवित्र जनले बोलेको सुनें, र अर्का पवित्र जनले उनलाई भने, "यो दर्शन पूरा हुन कति समय लाग्ला– अर्थात्, दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र पवित्रस्थान र सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी दर्शन पूरा हुन कति समय लाग्ला?" १४ उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।" (दानिएल ८ः१-१४)।

दानिएल ७ र ८मा लेखिएको सानो सिङको विशेषता वा गुणहरू साझा भएको पाइन्छ। तिनीहरूमा समान सात खालका चरित्रहरू छन्ः (१) दुवैले सिङको बारेमा वयान गर्दछ, (२) दुवै सिङहरू सताउने वा अत्याचार गर्ने शक्तिहरू हुन् (दानिएल ७ः२१,२५, दानिएल ८ः१०,२४), (३) दुवैले आफ्नो भाऊलाई उच्च पार्दछन् र परमेश्वरको विरुद्धमा बोल्दछन् (दानिएल

७:८,२०,२५, दानिएल ८:१०,११,२५), (४) दुवै सिङले परमेश्वरको जनहरूतिर लक्षित गरेको हुन्छ (दानिएल ७:२५, दानिएल ८:२४), (५) दुवै क्रियाकलापका पक्षहरू भविष्यवाणीको समय अनुसार सक्रिय भएको देखाउँछ (**दानिए**ल ७:२५,२६, दानिएल ८:१७,१९), (६) दुवै सिङको शक्ति युगको अन्तसम्मै चलेको देखाउँछ (दानिएल ७:२५,२६, दानिएल ८:२५) र (७) दुवै शक्तिलाई अलौकिक ढङ्ग वा अपार शक्तिले नाश गर्दछ (दानिएल ७:११,२६, दानिएल ८:२५)।

पहिलो राज्य बेबिलोन (दानिएल २:३८), दोस्रो राज्य मिडपर्सिया (दानिएल ८:२०) र तेस्रो राज्य ग्रीस (दानिएल ८:२१) हो भनेर इतिहासले प्रमाणित गरेको छ। ती सबै विश्व साम्राज्यपछि रोमको साम्राज्यको उदय हुने कुरा इतिहास साक्षी छ।

दानिएल २ मा उल्लेख गरिएको शालिकको खुट्टाहरू फलामका हुन् र त्यसले रोमलाई औंल्याउँछ र पाइताला फलाम र माटोको हुनुको अर्थ त्यो रोमी राज्यको शक्तिको भाग युगको अन्तसम्म निरन्तररूपमा फैलिरहने कुरालाई देखाउँछ। दानिएल ७ को सानो सिङ चौथो पशुबाट निस्केको हुन्छ र त्यस चौथो पशुसँग त्यस सिङको भाग रहिरहन्छ।

कुन शक्ति रोमबाट निस्केर राजनैतिक र धार्मिक प्रभाव पार्दै १२६० वर्षसम्म रह्यो त (दानिएल ७:२५)? केवल एक शक्तिमात्र इतिहास र भविष्यवाणीमा त्यसको बारेमा ठ्याक्क मिल्छ, त्यो हो रोमको पोपतन्त्र जसले इसाई धर्मलाई आफ्नो कब्जामा राखेको थियो। युरोपको १० जङ्गली जातिहरूको बिचबाट पोपतन्त्रको उदय भएको थियो अनि तीन वटा जाति वा शक्तिहरूलाई त्यसले उखेलेको थियो (दानिएल ७:२४)। पोपको धार्मिक शक्ति पहिलाका शक्तिहरूको भन्दा फरक थियो (दानिएल ७:२४)। यसले अरू जातिहरूको तुलनामा भिन्नै भएको देखाउँछ। पोपतन्त्रले स्वर्गको उच्च परमेश्वरको विरुद्धमा अनेकौं ठूला ठूला शब्दहरू बोल्दछ (दानिएल ७:२५) र आफूलाई सेनाहरूका राजकुमारभन्दा उच्च पार्दछ (दानिएल ८:११)। त्यसको अर्थ त्यो पोपको शक्तिले यस संसारमा येशूको भूमिकालाई आक्रमण गरेर पोप नै यस संसारको येशू हो भनेर उहाँको अधिकार आफ्नो हातमा लिन खोज्छ। त्यस इसाई नाउँ धारण गरेको पोपको धार्मिक शासनको अधीनमा नबस्ने महान् उच्चका सन्तहरूलाई त्यसले यातना दिनेछ भनेर गरिएको भविष्यवाणी पूरा भएको थियो (दानिएल ७:२५)। त्यही शक्तिले ताराको दल अर्थात्

परमेश्वरको भक्तहरूलाई यातना दिएको थियो। सुधारवादी आन्दोलनको समयमा अनगिन्ती सुधारवादी वा प्रोटेस्टेन्ट इसाई अर्थात् पोप होइन बाइबललाईमात्र मान्ने येशूका भक्तहरूको पोपीय शासनले आमहत्या गरेको थियो। पोपले नै समय र व्यवस्थालाई परिवर्तन गर्नेछ भन्ने भविष्यवाणीलाई पूरा गरेको थियो (दानिएल ७:२५)। दश आज्ञाको दोस्रो आज्ञा पोपले हटाएको थियो भने हप्ताको सातौं दिन शनिबारलाई विश्रामको दिनलाई निलम्बन गरेर आइतबारलाई नै साबथ मान्ने नीति पोपले नै लादेको थियो।

**दानिएल २, दानिएल ७ र दानिएल ८ अनुसार ग्रीसपछि एक राज्यको उदय हुनेछ जो युगको अन्तसम्म रहिरहनेछ। रोमको पोपतन्त्र वा रोमन क्याथोलिक चर्च भन्दा त्यो अर्को शक्ति के होला? राजनैतिक वा धार्मिक कुरामा जे वहस चलेतापनि तीन स्वर्गदूतका सन्देशहरूमा वर्तमान वा समयसापेक्ष सत्य समावेश भएको छ भन्ने कुरा हामीले कसरी बुझ्नुपर्छ?**

## ४. छानबिन वा खोजतलासको न्याय

बाइबलमा लेखिएका विभिन्न साम्राज्य र पोपतन्त्रको बारेमा लेखिएका भविष्यवाणीको रुपरेखालाई इतिहासको आँखाले हेर्ने प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूको सहमतिलाई हामी यस अध्यायमा हेरिरहेकाछौं। तर पन्ध्रौं शताब्दीमा भएको सुधारवादी आन्दोलन पछि बाइबलको भविष्यवाणीको बारेमा अझै जानकारी आवश्यक थियो। १८औं शताब्दीमा विलियम मिलर भन्ने एक किसानी प्रचारकले येशूको आगमन हुनेछ भनेर सिकाउँदा धेरै मानिसहरूले उनमाथि विश्वास गरेर उनले चलाएका अभियानमा सहभागी भएका थिए। त्यसैबेला २३०० दिनको वा वर्षको भविष्यवाणी र छानबिनको न्यायको बारेमा बाइबलमा खोजअनसुन्धान गरि येशूका भक्तहरूले अध्ययन गरेका थिए।

**देहायको तालिका हेर्नुहोस्ः**

| दानिएल ७ | दानिएल ८ |
|---|---|
| बेबिलोन (सिंह) | ---------------------------- |
| मिडपर्सिया (भालु) | मिडपर्सिया (भेडा) |
| ग्रीस (चितुवा) | ग्रीस (बाख्रा) |
| मूर्तिपूजा गर्ने रोम (चौथो पशु) | मूर्ति पूजा गर्ने रोम (जसको सिङ पृथ्वीको सतहमा चलाउँछ) |
| इसाई धर्मका भगवान मानिने | इसाई धर्मका भगवान मानिने रोमको |

| | |
|---|---|
| रोमको पोपीय शासन (सानो सिङ) | पोपीय शासन (सिङ उँभोतिर छेड्छ) |

देहायका पदहरूले स्वर्गको बारेमा कस्तो चित्रण गरेको देखाइएको छ? हेर्नुहोस्, दानिएल ७:८-१४ " ८ "जसै म ती सिङहरूका बारेमा विचार गर्दैथिएँ, मेरो अगि एउटा सानो सिङ थियो, जुनचाहिँ तिनीहरूमध्येबाट उम्रेको थियो, र पहिलेका सिङहरूमध्ये तीन वटाचाहिँ त्यसको सामु जरैसमेत उखेलिए। मानिसका आँखाजस्तै त्यस सिङका आँखा थिए, र अहङ्कारी कुरा गर्ने त्यसको मुख थियो। ९ जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। १० उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे; दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए। ११ "तब यो सीङ बोलिरहेको अहङ्कारपूर्ण शब्दहरूको कारणले गर्दा मैले त्यसलाई हेर्दैरहें। त्यो पशु मारिएर त्यसको शरीर नष्ट पारी आगोको ज्वालामा नफ्याँकिएसम्म मैले हेर्दैरहें। १२ अरू पशुहरूको अधिकार खोसिएको थियो, तर केही समयको लागि तिनीहरूलाई बाँच्न दिइयो। १३ "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।" र दानिएल ८:१३-१४,२६ " १३ त्यसपछि मैले एउटा पवित्र जनले बोलेको सुनें, र अर्का पवित्र जनले उनलाई भने, "यो दर्शन पूरा हुन कति समय लाग्ला– अर्थात्, दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र पवित्रस्थान र सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी दर्शन पूरा हुन कति समय लाग्ला?" १४ उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।"... २६ "तिमीलाई दिइएको साँझहरू र बिहानहरूसम्बन्धी दर्शन सत्य छ, तर त्यो दर्शनलाई मोहोरलगाई बन्द गर, किनभने यो धेरै पछिको भविष्यसँग सम्बन्धित छ।"

युरोपको मध्यकालीन युगमा हजारौं हजार इसाईहरूलाई धर्मकै नाउँमा रोमनक्याथोलिक चर्चले यातना दिएको थियो र मारेको थियो। त्यसपछि सन् १७९८ मा फ्रान्सको सम्राट नेपोलियन बोनापार्टको सेनापति बर्थियरले पोपलाई पक्रे र झ्यालखानामा हालिदिए (प्रकाश १३:३)। दानिएल ७ र ८ ले न्यायको बारेमा चर्चा गर्दछ। त्यो न्याय स्वर्गमा गरिने थियो जहाँ अदालत बसेको थियो (दानिएल ७:१०) र मानिसको पुत्र जस्तै एक जना स्वर्गका बादलहरूबाट आउनुभयो र प्राचीनकहाँ उपस्थित हुनुभयो। (दानिएल ७:१३)।यो अदालतको दृश्य सन् १७९८ पछि देखिएको थियो र येशूको दोस्रो आगमनभन्दा पहिले।

दानिएल ७ मा लेखिएको न्यायको दृश्य वा अदालतको दृश्य दानिएल ८:१४मा लेखिएको पवित्र मन्दिरको शुद्धीकरण वा पुनःअर्पणसँग मिल्दछ। ती दुवै अध्यायहरूले एउटै कुरोको चर्चा गरेको पाइन्छ। दानिएल ८:१४ ले पवित्र मन्दिरको शुद्धीकरण वा पुनःअर्पणको समयलाई औंल्याउँछ। यो वाक्य पृथ्वीको मन्दिरमा हुने प्रायश्चितको दिनलाई जनाउने शब्दसँग मिल्दछ। २३०० बेलुकी र बिहान वा दिनलाई प्रायश्चितको दिन भनेर इङ्गित गर्दछ। तर भविष्यवाणी भएको हुनाले एक दिनको अर्थ एक वर्षको हिसाबले त्यो २३०० वर्ष हुन आउँछ।

२३०० वर्षको सुरू दानिएल ९:२४ले औंल्याउँछ। त्यसमा ७० हप्ता वा ४९० वर्षको भविष्यवाणी त्यस २३०० वर्षबाटै काटिएको वा अलग गरिएको थियो। जुन दानिएलले दिँउसोको स्वप्नदर्शनमा देखेका थिए (दानिएल ९:२४)। बाइबलका धेरै विद्वानहरूले दानिएल ८:१४मा उल्लेखित २३०० दिन वा वर्षको भविष्यवाणी र दानिएल ९:२४-२७ले औंल्याएको ७० हप्ता वा ४९० वर्षको भविष्यवाणी एउटै भविष्यवाणीको दुई भाग हो भनेर ठिकसँग हेरेका छन्। ७० हप्ताको भविष्यवाणीमा दानिएल ९:२५ले त्यो भविष्यवाणीको समय कहाँदेखि सुरू भयो भन्ने बताउँदछ। यहाँ भनिएको छ " “यो जान र बुझ, यरूशलेमको पुनर्स्थापना र पुनर्निर्माण गर्न यो आदेश जारी गरिएको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात ‘सातहरू’ र बयसट्ठी ‘सातहरू’ हुनेछन्।" यो घट्नाको मिति राजा आर्तसास्तको सातौं वर्षमा भएको थियो जुनबेला उनले यरुशलेमको निर्माण गर्न आदेश दिएका थिए (एज्रा ७:७) अर्थात् ई.पू. ४५७। २३०० वर्षलाई अगाडि गन्दै जाँदा हामी सन् १८४४मा आइपुग्छौं जुन सन्१७९८ पछि र येशूको दोस्रो

आमगन पहिले भएको थियो। त्यस बेला येशू स्वर्गमा रहेको महापवित्र स्थानमा पस्नुहुन्छ र उहाँ धर्मीहरूको निम्ति प्रार्थना गर्ने काम सुरू गर्नुहुन्छ। यसैलाई स्वर्गको मन्दिरको पुनःअर्पण वा शुद्धीकरण भनिन्छ। यसको बारेमा उपसंहारमा दिइएको छ।

## ५. Typology (टाइपोलोजी वा नमूनाप्रतीक) भविष्यवाणीमा भएको विशेषता

युगको अन्तमा हुने विनाशकारी भविष्यवाणीहरूमा (आपोक्यालिप्टिक प्रोफेसिज apocalyptic) विभिन्न सङ्केत तथा प्रतीकहरू प्रयोग गरेको पाइन्छ। दानिएल र प्रकाशका पुस्तकहरूमा प्रयोग गरिएका ती विभिन्न प्रतीकहरूको उद्देश्य एउटै हो। ती प्रतीकहरूले आउनेवाला बस्तुलाई बुझाउन खोज्छ। दानिएल ८:२१मा एउटै ग्रीस राज्यलाई देखाउन बोकाले प्रतिनिधित्व गरेको थियो। यहाँ बोकालाई ग्रीस भनेर स्पष्टरूपमा किटान गरिएको छ। यदि सबै सङ्केत वा प्रतीकहरू उल्लेख गरेपछि त्यसको अर्थ तुरुन्तै खुलाइएको भए हामीलाई बुझ्न कति सजिलो हुन्थ्यो होला?

नमूनाप्रतीक वा टाइपोलोजी भनेको सङ्केत वा चिन्हमात्र होइन पुरानो करारमा खास गरेर प्रत्यक्षरूपमा भएको क्रियाकलाप, व्यक्तिहरू, घट्नाहरू वा  कुनै व्यवस्थित संस्थाका वा रितिलाई देखाउँछ। ती कुनै काल्पनिक तथा स्वप्नदर्शनका उपज नभएर ऐतिहासिकरूपमा वास्तविक वा अक्षरस भएका हुन्छन्। तर तिनीहरूले भविष्यमा हुने ठूलो वास्तविकतालाई औँल्याउँछन्। येशू र नयाँ करारका लेखकहरूले पुरानो करारमा भएका ती घट्ना, व्यक्तिहरू वा व्यवस्थित रितिहरू भनेको के हो सो व्याख्या गर्न वा बुझाउन प्रयोग गरेका थिए। त्यो तरिका पुरानो करार आफैले प्रयोग गरेको पाइन्छ। नमूनाप्रतीक र त्यसले औँल्याएको वास्तविक विशेष व्यक्ति, घट्ना वा रितिलाई बुझ्न पवित्र आत्माबाट प्रेरणा पाएका धर्मशास्त्रका लेखकहरूले कसरी पहिचान गरे भनेर थाहा पाउनुपर्छ। तिनीहरूको तरिका नै हाम्रो मार्गदर्शन वा सिक्ने तरिका हो।

**१ कोरन्थी १०:१-१३मा पावलले इतिहासका घट्नाहरूलाई औँल्याउँछन्। तिनीहरूबाट कोरन्थीका चर्चले सिक्नुपर्ने विषयमा पावल अर्ति दिन्छन्। के त्यो अर्ति केवल दुई हजार वर्ष अघिको कोरन्थीको चर्चमामात्र लागु हुन्छ कि अहिले हाम्रो लागि पनि लागु हुन्छ? सोच्नुहोस्: "१ भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए,**

र सबै समुद्रको बीचबाट भएर गए। २ अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। ३ सबैले एउटै आत्मिक भोजन खाए। ४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो। ५ तापनि तिनीहरूमध्ये धेरैजसोसँग परमेश्वर प्रसन्न हुनुभएन, र तिनीहरू मरुभूमिमा नष्ट भए। ६ उनीहरूले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन्। ७ तिनीहरूमध्ये कतिझैं तिमीहरू मूर्तिपूजक नहोओ। जस्तो लेखिएको छ, "मानिसहरू खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे।" ८ हामी व्यभिचारमा फस्नुहुँदैन, जसरी तिनीहरूमध्ये कति जना फसे, र एकै दिनमा तेईस हजार मरेका थिए। ९ हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र सर्पहरूद्वारा नष्ट भएका थिए। १० हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए। ११ यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ। १२ यसकारण जसले खड़ा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ। १३ मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।"

पावल प्रस्थानको पुस्तकमा ऐतिहासिक यात्राको बारेमा पछाडि फर्केर सम्बोधन गर्दछन्। त्यो पौराणिक इस्राएलीहरूले उजाडस्थान वा मरुभूमिमा गरेको यात्राको अनुभवलाई येशूभक्तहरूलाई नमूना वा टाइपोलोजीको रूपमा प्रयोग गर्छन्। जुन परमेश्वरले मोशालाई ती वास्तविक यात्राका विवरणहरू लेख्न प्रेरित गर्नुभयो त्यही परमेश्वरले ती सबै बृतान्तहरू हाम्रो निम्ति उदाहरण वा नमूना हुन् भनेर पावल प्रस्तुत गर्दछन् (१ कोरन्थी १०:६)। अहिले हामी येशूका भक्तहरू पनि आत्मिक इस्राएलीहरू हुन र जसरी इतिहासमा इस्राएलीहरूले दुःखकष्ट र परीक्षा भोगे र सहे त्यस्तै खालका दुःखकष्ट र परीक्षाहरू अन्तिम दिनहरूमा आउँदा हामीले पनि सहनुपर्छ भनि पावल अर्ति दिदछन्।

देहायका पदहरूले नमूना र त्यस नमूनाले कसलाई खास गरेर औंल्याएको थियो। हेर्नुहोस्ः मत्ती १२:४० "जसरी योना ठूलो माछाको पेटभित्र

तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ।", यूहन्ना १९:३६,३७ "३६ "उहाँको कुनै पनि हड्डी भाँचिनेछैन" भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए। ३७ अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्छ, "जसलाई तिनीहरूले घोचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन्।", यूहन्ना ३:१४,१५ "१४ जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।", रोमी ५:१४ "आदमदेखि लिएर मोशासम्मका मानिसहरूमाथि मृत्युले राज्य गऱ्यो, तिनीहरूमाथि पनि जसले आदमले गरेजस्तो अपराध गरेका थिएनन्। ती आदमचाहिँ आउनुहुनेको प्रतिरूप थिए।" र यूहन्ना १:२९,३० "भोलिपल्ट उनले (बप्तिस्मा दिने यूहन्ना) येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा! ३० उनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, 'मपछि एक जना मानिस आउनुहुन्छ, जो मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो।'"

प्रत्येक विवरणमा येशू र नयाँ करारका लेखकहरूले वास्तविक घट्ना तथा व्यक्तिलाई नमूनाको रूपमा प्रयोग गरेका थिए र तिनीहरूमा भविष्यवाणीको महत्त्व भएको कुरा औँल्याएका थिए। यसरी विगतका समयका घट्ना, व्यक्ति वा रीतिले भविष्यमा पूरा हुने महान् घट्ना, व्यक्ति वा रीतिलाई औँल्याउँछ।

यस संसारमा भएका पवित्र मन्दिरमा हुने विभिन्न रीति, विधि र सेवाहरूको बारेमा सोच्नुहोस्। तिनीहरूले मुक्तिको पूरै योजनालाई औँल्याएका थिए। आज पनि विगतको समयमा वा येशूको मृत्युभन्दा अघिको पवित्र मन्दिरमा भएका रीतिहरूले हामीलाई के महत्त्वपूर्ण सन्देश सिकाउँछ ?

## उपसंहारः

क्लिफोर्ड गोल्डस्टाइनद्वारा लिखित, १८४४ मेड सिम्पल (आइडाहो, पासिफिक, १८८८) एउटा पुस्तक हो जस्मा २३००० दिनको बारेमा गरिएको भविष्यवाणीलाई सरल तरिकाले व्याख्या गरिएको छ। यो वेभसाइट पनि हेर्नुहोस् 1844madesimple.org.

तलको तालिका हेर्नुहोस्ः

| दानिएल ७ | दानिएल ८ |
| --- | --- |
| बेबिलोन (सिंह) | ---------------------------- |
| मिडपर्सिया (भालु) | मिडपर्सिया (भेडा) |
| ग्रीस (चितुवा) | ग्रीस (बोका) |
| मूर्तिपूजा गर्ने रोम (चौथो पशु) | मूर्ति पूजा गर्ने रोम (जसको सिङ पृथ्वीको सतहमा चलाउँछ) |
| इसाई धर्मका भगवान मानिने रोमको पोपिय शासन (सानो सिङ)------------------------- स्वर्गमा अदालत बस्छ | इसाई धर्मका भगवान मानिने रोमको पोपीय शासन (सिङ उँभोतिर छेड्छ) --------------------------------- स्वर्गको पवित्र स्थानको पुनःअर्पण वा शुद्धीकरण |

माथिको चित्रको एक अत्यन्तै महत्त्वपूर्ण विषय हो दानिएल ७ मा उल्लेखित स्वर्गमा बसेको न्यायको अदालतको दृश्य। दानिएल ७ः२५ अनुसार त्यो काम १२६० वर्षसम्म येशूका भक्तहरूलाई गरिएको सतावटपछि भएको बुझ्नुपर्छ। दानिएल ८ः१४मा पवित्र मन्दिरको शुद्धीकरण वा पुनःअर्पणको अर्थ पनि एउटै हो। जब स्वर्गको अदालतमा फैसला सकिन्छ अर्थात् परमेश्वरको राज्यमा को पस्न सक्छ वा सक्दैन भन्ने निर्णयको अन्त्य हुन्छ तब यस पतित संसारको कहालिलाग्दो इतिहासको पनि अन्त्य हुनेछ। त्यसकारण दानिएल ८ः१४ र त्यहाँ भएको घट्नालाई बाइबलमा अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। यस पापी संसारको इतिहास सदाको निम्ति अन्त गरिनेछ भनेर देखाउन बाइबलमा उक्त पदलाई अत्यन्तै प्रभावकारी प्रमाणको रूपमा पेश गरिएको छ।

**चिन्तनमनन्ः**

**अ. दानिएल २ फेरि पढ्नुहोस् र सोच्नुहोस्। त्यहाँ विश्वको इतिहासलाई बाइबलले स्पष्टरूपमा व्याख्या गरेको पाइन्छ। पौराणिक कालदेखि परमेश्वरले स्थापना गर्नुहुने अनन्तको राज्यलाई यहाँ छर्लङ्ग देखाइएको छ। भविष्यवाणीको गाँठो खोल्न परमेश्वरले हामीलाई विद्या दिनुभएको छ। इतिहासको परिवेशमा बाइबल हेर्ने चलन संसारको थोरै इसाईहरूमामात्र छ। यस परिप्रेक्ष्यमा एडभेन्टिस्टहरूमा एडभेन्टिस्ट**

सन्देश फैलाउने  महत्त्वपूर्ण जिम्मेवारी दिइएको छ भनेर हामीले कसरी महसुस गर्ने?

आ. तपाईं आफै दानिएल ८:१४मा लेखिएको २३०० दिनको भविष्यवाणी कतिको बुझ्नुहुन्छ? यदि बुझ्नुहुन्न भने बुझ्न किन कोसिस गर्नुहुन्न र चर्चमा अरूलाई बुझाउने प्रयत्न गर्नुहुन्न? सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले यस विद्यालाई कसरी ठोसरूपमा निष्कर्षमा ल्याए भन्ने कुरा तपाईंले थाहा पाउनुभयो भने तपाईं अचम्ममा पर्नुहुनेछ।

इ. दानिएल ७:१८,२१,२२,२५ र २७ पढ्नुहोस्। परमेश्वरका सन्तहरूमाथि कस्तो व्यवहार गरिएको छ भनेर ती पदहरूमा कसरी दिएको छ? सानो सिङको शक्तिले तिनीहरूमाथि कस्तो आतङ्क मच्चायो? तर त्यसको विपरीत तिनीहरूको निम्ति परमेश्वरले के गर्नुभयो? यस मामिलालाई हेर्दा सन्तहरूको निम्ति न्यायको समय वा अदालत बसेको दृश्य हाम्रोलागि किन खुशीको खबर हो? स्वर्गमा बसेको अदालतको अन्तिम फैसलाद्वारा तिनीहरूले के पाउनेछन्?

# कथा ११
# परमेश्वरको निम्ति दगुर्नु
## मरियन काजमेरक्जार

मेरो दगुर्ने बानीले गर्दा पोलान्डको एडभेन्टिस्ट चर्चमा मलाई ल्यायो। युवा अवस्थादेखि नै मेरो शरीरलाई मजबुत पार्न कसरत गर्थें। मेरो शरीरलाई स्याहार्न डाक्टरले मलाई सल्लाह दिएका थिए। अनि मैले लामो दुरीसम्म दगुर्ने समूहमा भाग लिएँ। त्यो मलाई धेरै मनपरेको थियो। मैले माराथुनमा पनि भाग लिएँ। ६२ माइल अर्थात् १०० किलोमिटर दौडमा पनि भाग लिएँ। अनि २४ घन्टा १२६ माइल वा २०३ किलोमिटर दगुर्ने खेलमा भाग लिएँ। म ती दगुर्ने मानिसहरूसँग समावेश भएँ जो सँगसँगै मिलेर हप्ताको धेरै पल्ट दगुर्ने कलामा तालिम लिन्थे।

केही समयपछि हाम्रो दगुर्ने समूहमा एक जना पिट्र नाउँ गरेको मानिस प्रत्येक शनिवार नआउदो रहेछ भन्ने थाहा पाएँ। शनिवार ऊ किन दगुर्न आउँदैन भन्ने कुरालाई मैले बुझ्न सकेको थिइन। तब एक दिन उत्सुकता लागेर मैले उनलाई सोधें। "मेरो जीवनको अर्थ के हो भनेर सोचिरहेको छु। म बाइबल पढिरहेको छु। कुन चर्च बाइबल अनुसार चल्छ भनेर खोजिरहेको थिएँ। त्यस्तो चर्च मैले भेट्टाएँ। के तिमी पनि हामीसँग बाइबल अध्ययन गर्न चाहन्छौ?" पिउट्रले मलाई सोध्यो।

एडभेन्टिस्ट चर्च पास्टरले बाइबल सिकाएको कुराले म अलमलमा परें। म आफूलाई असल इसाई हुँ भनेर ठान्दथें। अर्कै सम्प्रदायले चलाएको आइतबारे चर्चमा म जान्थें।

एक दिन दगुर्ने क्रममा पिओट्रले मलाई प्रश्न गर्‍यो जसले मलाई ठूलो धक्का दियो। उनले सोध्यो "के तिमीलाई थाहा छ कि तिम्रो पास्टरले सत्य सिकाइरहेको छैन?" "अब त अति नै भयो भनेर मैले भने। एडभेन्टिस्टहरू जे जे सिकाइरहेका छन् सो तिनीहरू नै जान्दैनन्" मैले जवाफ दिएँ। "अर्को चोटि भेट्दा म मेरो बाइबल ल्याउँछु र तिम्रो चर्चले सिकाएका शिक्षाहरूको किताब तिमी ल्याऊ। सत्य कहाँ छ हामी हेर्नेछौं" पिओट्रले प्रस्ताव राखे। त्यो प्रस्ताब मलाई असलै लाग्यो। म सधैं सत्य जीवन बिताउन प्रयास गर्थें र मैले थाहा पाएको सत्य अनुसार चल्ने मेरो निर्णय थियो। अर्को

भेटमा पिओट्र र मैले दुईवटा किताबहरू तुलना गरेर हेऱ्यौं। मेरो किताब बाइबलसँग नमिलेको देख्दा मलाई छक्क लाग्यो। धेरै महिनापछि मैले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएँ। म ४५ वर्षको थिएँ।

चर्चका सदस्यहरूले आफ्नो स्वास्थ्यप्रति हेरचाह गर्ने चर्चमा समावेश हुन मेरो निम्ति असल थियो। चर्चका धेरै सदस्यहरूले मासु नखाएको पनि मैले देखें। मैले बिरुवामा आधारित खानाहरूको बारेमा खोजीनिति गरें। मैले पनि मासु खान छोडें। पहिला पहिला मेरो शरीर मेरै अधिकार हुन्छ मलाई जेमनालाग्यो त्यही गर्नसक्छु भन्ने लाग्थ्यो। अब मलाई थाहा भयो मेरो शरीर मेरो होइन। मैले यसलाई नबिगार्न खोजें। यो परमेश्वरको मन्दिर रहेछ।

आज म ७१ वर्षको भए र अझै पनि दगुर्ने मेरो बानी छ। साबथमा चाहि नदगुर्ने र दगुर्ने प्रतिस्पर्धामा वनि भाग लिन छोडेको छु। दगुर्ने सिपले सुसमाचार सुनाउने अवसर दिन्छ। माराथान दौडपछि सबै जना केही न केही उपलब्धी गरे भनेर संतोष मान्दछन। त्यसबेला परमेश्वरको वारेमा चर्चा गर्न सजिलो हुन्छ। यस बुढेस कालमा पनि दगुर्न मलाई कसले सहयोग गर्नुहुन्छ भनेर म साथीहरूलाई सुनाउँछु।

म हप्ताको तीनपटक दगुर्छु। प्रत्येक पल्ट म छ माइल वा १० किलोमिटर दगुर्छु। त्यति दगुर्न मलाई ५५ मिनेट लाग्छ। म जङ्गल र प्रकृतिको सुन्दर ठाउँमा दगुर्छु। जब म दगुर्छु तब मेरो जीवन र परमेश्वरको बारेमा म सोच्छु। म भजनहरू गुनगुनाउँछु र बाइबलका पदहरू याद गर्छु। जब म दगुर्छु तब कोही न कोही म भेट्न सकुँ जोसँग परमेश्वरको बारेमा कुरा गर्न सकु भनेर म प्रार्थना गर्दछु। उहाँले नै मानिसहरू मकहाँ ल्याउनुहुन्छ।